लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

मा.जन्मजय तिमिल्सिना
मन्त्री
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्रसंख्याः२०८२/०८३

मितिः-२०८२/०४/२९

## माध्यामिक शिक्षा परिक्षा SEE ग्रेड बृद्धि सम्बन्धमा अपिल।

माध्यामिक शिक्षा परीक्षा (SEE) २०८१ को ग्रेड बृद्धितर्फको परीक्षा २०८२ साल साउन २९ गते बिहिबारदेखी देशभर एकैसाथ सञ्चालन हुँदैछ। लुम्बिनी प्रदेशमा ग्रेडवृद्धि तर्फ २४५३९ जना परीक्षार्थी परीक्षामा सम्मिलित हुँदैछन्। परीक्षाका लागि १२ जिल्लामा गरी ७८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।

परीक्षालाई मर्यादित, अनुशासित, भयरहित, व्यवस्थित, निष्पक्ष र शान्तिपुर्ण वातावरणमा सञ्चालन गर्न सबै जिल्लाका परीक्षा समन्वय समितिबाट ७८ वटै केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति लगाएत सम्पुर्ण तयारी पुरा भएको छ। परीक्षालाई मर्यादित, अनुशासित, भयरहित, व्यवस्थित, निष्पक्ष र शान्तिपुर्ण बनाउन प्रदेश अन्तर्गतका जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपालबाट आवश्यक सुरक्षा व्यवस्था मिलाईएको छ।

यस वर्ष ग्रेड बृद्धि परीक्षामा सम्मिलित हुने सम्पुर्ण परीक्षार्थीहरुलाई कुनैपनि प्रकारको डर, त्रास तथा भयविना उच्च मनोवलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोध गर्दै सफलताको शुभकामना दिन चाहन्छु। परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सम्पुर्ण दिनको परिक्षामा परीक्षार्थीहरु तथा परीक्षा व्यवस्थापनमा खटिने सबै जनशक्तिको लागि शान्तिपूर्ण र भयरहित वातावरणको सुनिश्चितता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षकका पेशागत संघ-संगठन, शिक्षक, विद्यार्थी, पत्रकार, नागरिक समाज लगायत सम्पुर्ण सरोकारवाला समक्ष हार्दिक अपिल गर्दछु।

जय नेपाल !!!
२०८२ साउन २९

.....................
जन्मजय तिमिल्सिना
मन्त्री
मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री